## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

**विवरण सार्वजनिक गरेको मिति २०७५/०८/१९**

**क) निकायको स्वरुप र प्रकृतिः** निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राट्र बैंकबाट इजाजतपत्र प्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था हो ।

**ख) निकायको काम, कर्तव्य र अधिकारः** यस वित्तीय संस्थाको काम कर्तव्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले तोकेबमोजिमका रहेका छन् ।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** यस संस्थामा हाल कार्यरत कर्मचारी संख्या ७०६ रहेको छ र निज कर्मचारीहरुको विवरण समय-समयमा संस्थाले तोके बमोजिम हुनेछ ।

**घ) निकायबाट प्रदान गरिने सेवाः** यस संस्थाले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गका वित्तीय संस्थाहरुले प्रदान गर्न सक्ने सम्पूर्ण लघुवित्त सेवाहरु रहेका छन् ।

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** यस संस्थाका शाखा कार्यालयहरु र सो शाखा कार्यालयका जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको आधिकारिक वेबसाईटः www.nirdhan.com.np मा उपलब्ध छ ।

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको आधिकारीक वेबसाईटमा उपलब्ध छ ।

**छ) निर्णय गर्ने प्रक्रिया र अधिकारीः** यस संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न तहका अधिकारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने विकेन्द्रीकृत अख्तियारीको व्यवस्था मिलाइएको छ । दैनिक कार्य संचालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयहरुका लागि संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

**ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः** यस संस्थामा प्राप्त गुनासा, उजुरी तथा सुझावहरु उपर गम्भीरतापूर्वक मनन् गरी उक्त उजुरी तथा सुझावहरु समाधान तथा कार्यान्वयन गर्ने गरिएको छ । केन्द्रीकृत रुपमा प्रमुख कार्यकारी अधिकृत उजुरी सुन्ने अधिकारीको रुपमा रहनु हुनेछ ।

**झ) सम्पादन गरेको कामको विवरणः** यस संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्ग अन्तर्गतका वित्तीय संस्थाहरुले सम्पादन गर्न सक्ने र गरेको सम्पूर्ण लघुवित्त कार्यसंग सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै संस्थाको आधिकारिक वेबसाईटमा पनि सूचनाहरु राखिएको छ ।

**ञ) सूचना अधिकारी र प्रमुखको नाम र पदः**
**सूचना अधिकारीको नाम :** श्री राम बहादुर चौधरी, मुख्य व्यवस्थापक तथा कम्पनी सचिव
**प्रमुखको नामः** श्री जनार्दन देव पन्त, प्रमुख कार्यकारी अधिकृत ।

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**ः नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेका विनियमहरु तयार गरी राखिएको छ ।

**ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः** यस संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको र यस संस्थाको अधिकारिक वेबसाईटः www.nirdhan.com.np मा समेत राखिएको छ ।

**ड) तोकिए बमोजिमका अन्य विवरणः**

१. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः** वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठी, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदि ।

२. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरणः** www.nirdhan.com.np

३. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः** प्रत्येक ३ महिनामा प्रकाशित हुने त्रैमासिक आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ बमोजिमका विवरणहरु ।


निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, "निर्धन भवन", भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं.: ९७७-१-४४१३७११,४४१३८४०, फ्याक्स: ९७७-१-४४१३८५६, Email: info@nirdhan.com.np